# चौतारा साँगाचोकगढी नगरपालिका

Chautara Sangachokgadhi Municipality

## नगर कार्यपालिकाको कार्यालय

Office of the Municipal Executive

चौतारा, सिन्धुपाल्चोक Chautara, Sindhupalchok

२०७३ 2073

बागमती प्रदेश, नेपाल

Bagamati Province, Nepal

पत्र संख्या (Letter No.) २०८२/०८३

चलानी नं. (Dispatch No.) :


## कर्मचारी आवश्यकता सम्बन्धी सूचना।

प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०४/२२ गते, ने.सं. ११४५ गुंलाथ्व त्रयोदशी

यस चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयमा देहाय बमोजिमको पद खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएको हुँदा तोकिए बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

तपशिल:

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या |
|---|---|---|---|---|
| १. | ०१/२०८२/०८३ | फिजियो थेरापिष्ट | अधिकृतस्तर सातौं | १ (एक) |
| २. | ०२/२०८२/०८३ | अ.न.मी. | सहायकस्तर चौथो | ४ (चार) |
| ३. | ०३/२०८२/०८३ | अ.हे.व. | सहायकस्तर चौथो | ८ (आठ) |

१. आवश्यक न्युनतम शैक्षिक योग्यता

क) फिजियोथेरापिष्ट पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापीमा स्नातक तह उत्तीर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता भएको।

ख) अ.न.मी. पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट A.N.M. कोर्स उत्तीर्ण भई काउन्सिलमा दर्ता भएको।

ग) अ.हे.व. पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट C.M.A. कोर्स उत्तीर्ण भई काउन्सिलमा दर्ता भएको।

२. **उमेरको हद** : फिजियोथेरापिष्ट पदको हकमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको। अन्य पदको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।(महिलाको हकमा ४० वर्ष ननाघेको)

३. **दरखास्त दिने अन्तिम मिति** : २०८२ भदौ ०५ गते कार्यालय समय भित्र।

४. परीक्षा मिति पछि प्रकाशन गरिनेछ।

५. दरखास्त पेश गर्ने अन्तिम मितिका दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समयसम्म दरखास्त पेश गर्न सकिनेछ।

६. **दरखास्त बुझाउने स्थान** : चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालय, चौतारा, सिन्धुपाल्चोक।

पेशल कुमार पोखरेल
शाखा अधिकृत

७. **दरखास्त दस्तुर :** सहायकस्तर चौथोको हकमा रु. ५००।- (पाँच सय) र अधिकृतस्तर सातौंको हकमा रु. १२००।-(एक हजार दुई सय) यस कार्यालयको राजश्व शाखामा बुझाई सक्कलै रसिद पेश गर्नुपर्नेछ।

८. **करार सेवाको अवधि :** २०८३ असार मसान्त सम्म वा लोक सेवा आयोगबाट पदपुर्ति भई नआएसम्म।

९. **कर्मचारीको सेवा, शर्त तथा सुविधा :** नियमानुसार।

१०. **परीक्षाको किसिम :** लिखित परीक्षा र अन्तर्वार्ता।

११. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :**

क. निवेदन र दरखास्त फाराम,

ख. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि,

ग. अ.न.मी पदको हकमा नेपाल नर्सिङ परिषदबाट जारी दर्ता प्रमाण-पत्रको प्रतिलिपि। (प्रमाण-पत्रको म्याद दरखास्त दिने अन्तिम मितिसम्म ननाघेको)

घ. अ.हे.व. पदको हकमा नेपाल स्वास्थ्य व्यवसायी परिषदबाट जारी दर्ता प्रमाण-पत्रको प्रतिलिपि। (प्रमाण-पत्रको म्याद दरखास्त दिने अन्तिम मितिसम्म ननाघेको)

ङ. फिजियोथेरापिष्टको हकमा सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाण-पत्र । (प्रमाण-पत्रको म्याद दरखास्त दिने अन्तिम मितिसम्म ननाघेको)

च. न्यूनतम शैक्षिक योग्यताको लब्धांक प्रमाण-पत्र तथा चारित्रिक प्रमाण-पत्रको प्रतिलिपि।

छ. तालिमको प्रमाण-पत्र तथा अनुभव भए सो सम्बन्धी प्रमाण-पत्र।

ज. २ प्रति पासपोर्ट साइजको फोटो।

.....................
पेशल कुमार पोरखेल
शाखा अधिकृत

**पुनश्च :** दरखास्त फाराम यस चौतारा साँगाचोकगढी नगरपालिका कार्यालय वा नगरपालिकाको आधिकारिक वेवसाइट chautarasangachowkgadhimun.gov.np मार्फत् प्राप्त गर्न सकिनेछ ।